श्रमको सम्मान गरौं ।

श्रम शक्ति नै राष्ट्र शक्ति हो ।

NTUC

# नेपाल ट्रेड युनियन काँग्रेस

राष्ट्रिय समिति

गिरिजाप्रसाद कोइराला श्रमिक स्मृति भवन

बिनायक नगर, बुलबुले मार्ग, काठमाडौं-१०, नेपाल

पत्र संख्याः- २०७४।०७५

चलानी नम्बरः- ९३६९

मितिः-

मिति : २०७४/२/५

श्री ...................................ज्यू,

............................................

............................................ ।

*विषय : कार्यसम्पादन समितिको निर्णय जानकारी गराइएको सम्बन्धमा ।*

उपरोक्त सम्बन्धमा नेपाल ट्रेड यूनियन काँग्रेस केन्द्रीय कार्य सम्पादन समितिको मिति २०७४ जेठ ३ गतेका दिन बसेको बैठकमा महासंघको प्रदेश, आवद्ध संघ तथा जिल्ला समितिको अधिवेशनका सम्बन्धमा छलफल हुँदा मिति २०७४ बैशाख ३१ गते सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचनमा महासंघका विभिन्न तहका पदाधिकारी तथा सदस्यहरु नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार हुनु भएको र जेठ ३१ गते हुने दोश्रो चरणको निर्वाचनमा समेत नेपाली काँग्रेसलाई विजयी गराउने अभियानमा यस महासंघका सवै संरचनाका पदाधिकारी तथा सदस्यहरु परिचालन हुनु पर्ने र निर्वाचन आयोगद्वारा जारी आचारसंहिताले समेत अधिवेशन गर्न रोक लगाएको अवस्थालाई मध्यनजर गर्दा महासंघको २०७३ माघ १६ र १७ गतेको राष्ट्रिय समितिको बैठकद्वारा निर्धारित आवद्ध संघ, प्रदेश तथा जिल्ला अधिवेशन सम्पन्न गर्न कठिनाई देखिएको छ ।

तसर्थ आगामी राष्ट्रिय समितिको बैठकबाट मिति तय गर्ने गरी हाललाई मिति २०७४ असार १० गते गर्ने तय भएको प्रदेश अधिवेशन, २०७४ जेठ मसान्तसम्ममा हुने तय भएको आवद्ध संघको अधिवेशन तथा २०७४ जेठ २० गते गर्ने तय भएको जिल्ला अधिवेशन स्थगन गर्ने निर्णय गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै सदस्यता अद्यावधिक (Data Base) को कार्यलाई निरन्तरता दिने निर्णय समेत गरेको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

..............................

(महेन्द्रप्रसाद यादव)

महासचिव